# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/ १० /१४
तेस्रो अधिवेशन
(तेस्रो बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. माननीय सदस्यहरू,

यस सभाको तेस्रो अधिवेशनको तेस्रो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

अब, **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

अब, म आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री झपट बहादुर बोहरालाई **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय श्री झपट बहादुर बोहरा :–** मानिय सभामुख महोदय प्रदेशसभा सचिवालय सम्वन्धमा व्यवस्थ गर्नवनेको विधेक २०७५ मानिय सभामुख मार्फत यस गरिमामय सभामा छलफल गरियोस भनेर प्रस्ताव प्रश्थुत गर्ने अनुमति चाहान्छु धन्या वाद

***(प्रस्ताव पेस भएपछि)***

४. **माननीय सदस्यहरू,**

अब, म **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ")***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

५. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा पछि)*

६. **माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु । सर्वपर्थम माननीय कृष्ण वहादुर चौधरी लाइ समय दिन्छु ।

**माननीय कृष्ण बहादुर चौधरी** :– माननिय सभामुख महोदय हाम्रो सुदूर पश्चिम प्रदेश यो प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्ता गर्नवनेको विधेक२०७५ माथि हामी सामान्य छलफलल हामी गर्दैछौ । वास्तममा हाम्रो प्रदेशलाइ चुस्त र दुरुस्त रुपले अगाढी वढाउनका लागि यो प्रदेश सभा सचिपालय को अतिआवस्यक पर्ने कुराहो । त्यस कारण यो अलि पहिलेनै आउनुपर्न कुराहो । जेहोस आज यो सदनमा चाहि पेश भएको छ । यो प्रदेश लाइ हामिले मिडिया हरुमा हामी सुन्ने गर्छौ । कि क्रमचारिको अभावले कामगर्न सारै गाहारो या ढिलो भयो । भनेर हामी सुन्छौ । वास्तममा हाम्रो प्रदेश हामी यो नेपनलको पहिलो अभ्यास संघियतामा गैसकेयता हामी थुप्रै समस्या हरुको विचमा हमी छौ । र आज हाम्रो यो प्रदेश सभामा जुन यो सचिपालय सम्वन्धमा व्ययस्था गर्नविधेक जुन टेवल भएको छ । यसलाइ हामिले सकारात्मक रुपमा लिनु पर्छ र यसलाइ हामिले सकेसम्म चाडो भन्दा चाडो हामि यो सचिपालयलाइ व्यवस्थीत ढंगले वढाएर हामि यो प्रदेशको गतिलाइ हामिले अगाढी वडाउन सके भने मलाइ लाग्छ । यो प्रदेश राम्रो काम गर्न सक्छ । त्यसकारणले म अलि ढिलै भएपपनि यो प्रदेश सभा सचिवालयलाइ २०७५ को व्यवस्था जुन यो आएको छ । यो सकारात्मक छ । यसको म धन्यावाद दिन चाहन्छु र सुभकामना व्यक्त गर्न चाहान्छु धन्यावाद ।

**मा० अम्वि कुमारि थापा** :– माननीय सभामुख महोदय प्रदेश सभा सचिव तथा सचिवालय व्यवस्थापन गर्न वनेको विधेक २०७५ माथि छल्फल गर्न गैराखेका छौ । यो विधेक हाम्रो सदन र हाम्रो प्रदेश सरकार भएको १ वर्षपछि यो विधेक आएको छ । यो विधेक हाम्रो पहिलो अधिवेसन मा आउनु पर्नेथियो । तर पहिलो अधिवेशनमा न आएर अहिले हामी तेस्रो अधिवेशन गर्दै गर्दा यो विधेक आएको छ । यो विधेक आउदै गर्दा यो विधेकमा मैले एउटा समिति पनि अनुक्षेद ३ मा एउटा समिति गठन गर्ने सम्वन्धमा भन्ने छ । यसमा मैले अलि केहि कुराहरु थप्न चाहे सभामुख महोदय यसमा ४ जनाको समिति छ । सभामुख महोदयको अध्यक्षतामा यसमा प्रतिपक्ष दललाइ पनि समावेस गरिनु पर्छ भन्ने मेरो माग छ । त्यसैले यो समिति ५ या ६ जनाको वनाएर सवैको प्रतिनिधित्व हुने समिति हुनेछ भन्ने मैले याहाँ माग राखे । त्यसैले अव यो समिति करे यो विधेक आउदै गर्दा धेरै कुराहरु हाम्रो १ वर्ष विति सक्यो हाम्रा सन्सदिय दलका कार्यालय हरु छैनन् । सनसदियदल काहाँ वस्छन ? भन्नेपनि थाहा छैन । संसयिदलको कार्यालय भएको ठाउमा पनि संसद सांसदहरु वस्ने ठाउछैन सांसद हरु अट्ने कार्यालय छैनन् । त्यसैले अव १ वर्ष पछि अव हाम्रे ४ वर्ष वाकिरहेको अवस्था छ । त्यसेले हामिले यो पटक पटक यो सदनमा

भनिरहनु भन्दा पनि अव यो सचिवालयको ध्यान जाओस र अव यो केरे सचिवालयलाइ सचिप ल्याउदैगर्दा हाम्रो मान्छे मेरो मान्छे नभनेर निछपक्ष ढंगले काम गर्ने मान्छे हामी सवैको मान्छे र स्वच्छ मान्छे आउनुपर्छ भन्ने मेरो त्यो पनि एउटा माग छ । यो विधेयकमाथि छलफल केहि कुरा छलफल गर्नुपर्ने भएकोले यो विधेयक सम्वन्धीत समितिमा पठाइ यसको दफावार छलफल गरिनुपर्छ । भन्नेपनि मेरो माग छ । त्यसैले अनर्थ नलागोस सभामुख महोदय अहिले सदनमा हामी वोल्दैगर्दा सडकमापनि नारावाजि भइरहेको अवस्थामा हामीले निर्मला पन्त जस्ता वालिका हरुलाइ न्याय दिन सकेका छैनौ । गोविन्द केसि जस्ता डाक्टर हरुको हामिले जिवन रक्षाको लागि यो सरकारले के सोचिरहेको छ । सभामुख मार्फत मैले यो सभा मार्फत केन्द्रीय संसदको ध्यान आकर्षण गराउन चाहे हामिले गोविन्द केसिले उठाएका माग अहिले सत्तापक्षका माननीय हरु पनि भनुहुन्छ  होला । नेपाली कांग्रेस र प्रतिपक्षले केहिपनि कुरा नपाएर गोविन्द केशी र निर्मला पन्तलाइ काधमा वोकेर हिनेका छन । भन्नुहोला । तर त्यो हैन माननीय सदस्य ज्यु हरु तपाइहरुकालागी पनि जायज छन । तपाइहरुले भन्न सक्नुभएको छैन होला एउटा नारिले हामिले न्याए पाउनुपर्छ । भन्दैगर्दा तमामौ जनता हरु नेपाली नागरिक हरु मारिन्छन त्यहि भएर हामिले निर्मला पन्त जस्ता गोविन्द केशि जस्ताको जिवन रक्षामकोलागि अव यो सरकारले सोच्नु पर्ने अवस्था आएको छ । भन्दै यो विधेक सम्वन्धित समितिमा गइ दफावार छलफलहोस भन्दै मेरा यि २ कुरा अन्त्य गरे विदाभए हवस्त धन्यावाद जै नेपाल

**मा० देवकी मल्ल (थापा :–** माननीय सभामुख महोदय  सुदूरपश्चिम प्रदेशका जनताको आसा भरौसा र विस्पासको केन्द्र यो प्रदेस सभा हो । यो प्रदेश सभा गठन भएको १ वर्ष भयो र यो प्रदेश सभाका काम  कार्वाहि हरु यसका जिम्मेवारि हरु यसका भुमिका हरु लाइ सुचारु पार्नका निमित्त जो यो सचिप सचिवालय सम्वन्धकमा विधेक प्रस्थुत भएको छ । यो वविधेक हेर्दा आफैमा राम्रो छ । त्यसैले सभामुख मार्फत सरकारलाइ म वधाइ दिन चाहान्छु । यो विधेक प्रस्थुत गरेको खुसिमा तर यस्ता विधेक हरु अलिकति छिटो आइदिन पाए सजिलो हुने थियो । धैरै कठिनाइका वावजुत धैरै अलमलका वावजुद पनि प्रदेश सभा प्रदेश सभाको सचिवालय अगाढी वड्न वाध्य भयो । अगाढी वड्यो तर यो विधेक चाडै आइदिएको भए अझ धैरै काम कार्वाहि हरुमा सपोर्ट हुन्थ्यो । यो विधेक मात्रै नभएर अरु विधेक पनि पुरक वजेटको कार्यानयनको सवाल पनि अग्तियारी तयार गर्ने कुराहरु कार्यविधि तयारगर्ने कुराहरु अरु विधेक तयारगर्ने कुराहरु पुरा समयन्त्र तयार गर्नेकुरा हरु को विषयमा सरकारले अझै आटका साथ स्पिट पैदागर्नपर्ने देखिन्छ । सभमुख मार्फत म यो विषय पनि जानकारी गराउन चाहान्छु । तेस्रो कुरा अलि प्रसंग फरक छ । सुदूर पश्चिममा अझै पहाडका जिल्ला हरुमा हिमपातले वर्षातले जनजिवन कस्टकर वनेको छ । पोहरसाल पनि चैत देखि असिना पिडित वाढी पिडत विभिन्न घटना दुर्घटना हरु चट्टयाङहरु यो सेती माहाकाली भरि एकखालको पिडा वोध भएको छ । यसमा पनि अलिकति जो भएको छ । यसमा थपेर प्रदेश सरकारको सम्मान जनक र स्पिट जनक उपस्थितिको खाचो देखिन्छ  । यसमा पनि जो वझाङ जिल्ला वाट आउने खोड्पेमा श्रीभावरमा गाडि वरफ वरफ भएर मान्छेले ३ – ४ दिन सम्म दुःख पाए रोडका मान्छेलाइ फोन गर्दापनि चाडै मेसिन उपलव्ध गराउन सकेन । त्यसैले यस्ता कुरा हरुमा अलिकति हाम्रो तदापरुपता वढाउनु पर्छ । भन्नेकुरा म आग्रह गर्न चाहान्छु र आर्को कुरा वाजुरा जिल्लामा महिला छउपडि गोठमै आमा र छोराको ज्यान गएको छ । धैरै महिला हरु सुत्केरी अवस्तामै ज्यान गएको छ । छाउपडि प्रथा हाम्रो प्रदेशकै एउटा कलङ्कको रुपमा

प्रचलित भएको छ । यि विषय हरुमा प्रोशेस सरकारले अवआउने कानुनमा अडिट गर्नेगरि सुत्केरी महिला किन मर्छ ? समाजको कारण होकि ? सरकारको कारण होकी उसको व्यक्तिगत कारण हो । छाउपडि महिला गोठमा किन मर्छ ?उसको केकारणहो यि विषयमा राम्रो संग अडिट गर्नेगरि निस्कर्षमा पुग्ने गरि घटना नदोहरिने गरि जान जरुरि छ र चौथो विषय मलाइ लाग्छ । यो नारा जुलुस यो आन्दोलन यो संघर्ष सायद हाम्रो देशमा नया संविधान वनि सकेको छ । त्यसैले मलाइत लाग्छ । साच्चिकै हामी वोल्नेहो र संघर्ष गर्नेहो भने राट्रियताका सवालमा स्वाधिनताको सवालमा वोल्न मात्रै जरुरिछ । जस्तो लाग्छ । यो परिवेषमा अरु सवालमा सहयोगि भावनाका साथ अगाडि वड्नुपर्ने रचनात्मक सहयोग गर्नुपर्ने साच्च्कै देश राज तन्त्रले आकान्त भएको थियो । हो यसलाइ मतलव सहि तरिकाले हवैलेसमग्र यसकाको विकासका लागि मिलेर जानुपर्ने समुनय र सहकारिका साथ जानुपर्ने अहिलेको १ मात्र जरुरिहो भन्ने लाग्छ । त्यसैले यो आन्दोलन अव सिमानामा हिसाफकिताव गर्नगए राम्रो हुन्थ्यो । भन्नेकुरा राख्दै सभामुख मार्फत यि कुराहरु राख्दै म विदा हुन्छु । हवस्त धन्यावाद ।

७. **माननीय सदस्यहरू,**

**प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरू,**

अब, म आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री झपट बहादुर बोहरालाई **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**मा० ..झपट वहादुर वोहरा :–** माननीय सभामुख महोदय प्रदेश सभा सचिपालय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेक २०७५ सन्द्रभमा सामान्य झलफल माननीय सदस्यज्यू हरुमा भएको छ । यसमा सरकारले प्रश्थुत गर्नुपर्ने यो विधेक चाडै प्रस्थुत गरेको भए अझै तदारुपताका साथ सुशासनको प्रत्याभुती चुस्त रुपमा कार्यानयन र यो प्रदेश द्रुतगतिमा अगाढी वड्न सक्थ्यो भन्ने माननीय सदस्यज्यु हरु मार्फत सुझावहरु आएको छ पक्कैपनि प्रारथमिकताका साथमा हामी ऐन कानुन हरुको तजुरमा प्रदेश सरकारले गरि राखेको छ । प्रार्थमिकताका साथमा प्रार्थमिक करण गरेर हामिले ऐन कानून हरु गरिमामय प्रदेश सभामा प्रस्थुत गरिराखेका छौ । र आगामि दिनमा पनि अझै हामिलाइ चाहिने र आवस्यक भएका विधेक हरुलनइ प्रार्थमिक्तामा राखेर हामी प्रदेश सभामा प्रस्थुत गर्नेछौ । यस सम्वन्धमा दफावार छलफलको लागि समितिमा जाने राय पनि आउको छ र पर्तिपक्ष दलका सदस्य ज्यु हरुलाइ पनि यो समितिमा राख्नको लागि कुरा आएकाको छ । यसको विधि प्रक्रिया पुरा गरेर समितिमा छलफलको लागि माननीयज्यू हरुवाट प्रस्ताव आएकोले यि सवैकुराको व्यवस्थापन गर्नका लागि यो प्रक्रियार विधिलाइ कार्यानयन गरियोस र विधि यो विधेकलाइ पुर्णाता दिनकालागी कानुनि वाटोमा कानुनि प्रक्रियामा अगाढी वडोस भन्ने म अनुरोध गर्न चाहान्छु र अरु यसै यसमा कुनै जिज्ञासा सुझाव र कुनै समावेष गर्नुपर्ने वस्तु नभएको नाताले यस विधेकमा

अरुकुरा वोलिराख्नु पर्ने आवस्यक्ता देखिदैन र यो प्रक्रियाको लागि विधेकलाइ अगाढी वढाउन म अनुररोध गर्न चाहान्छु । धन्यावाद

९. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले १२० घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

१०. **माननीय सदस्यहरू,**
**प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

११. **माननीय सदस्यहरू,**
अब, **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको कोर्वाही प्रारम्भ हुन्छ ।

१२. **माननीय सदस्यहरू,**
**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुत कर्ता भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिनिता चौधरीलाई अनुमति दिन्छु ।

**माननीय बिनिता चौधरी :–** मानीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सामाजिक विकास समितिवाट व्यपक रुपमा झलपल गरेर आएको छ । तै पनि यो कानुनको उसमा हामिले त्यो छलफल गर्दा गर्दैपनि कुनैन कुनै रुपमा त्रुटि कमजोरि हुदै जान्छ । र त्यहि उसमा यो दफा ३७ को उपदफा ९मा यो ऐन प्रारम्भ हुदाका वखत संघिय संसद प्रदेश सभा जिल्ला सभा गाउँसभा वा नगर सभामा निर्याचित वा मनोनित भइ पदमा वाहाल रहेको व्यक्ति सहकारि सस्थताको संचालक समिति अथवा लेखा समितिमा निर्वाचित वा मनोनित भएको भएमा यो ऐन प्ररम्भ भएकको मितिले ३ महिना भित्र आफ्ना पदवाट राजिनामा दिनुपर्नेछ र समिति वाट छलफल भएर आएका यो ऐन प्ररम्धभ हुदाका वखत वडा अध्यक्ष प्रमुख उप प्रमुख अध्यक्ष उपाध्यक्ष संघिय सरकार र प्रदेश सरकारका वाहाला वाला मन्त्री नियमन कारि निकायका तथा सरकारवाट आयोगमा नियुक्ति भएका व्यक्ति सहकारि सस्थाको संचालन समिति वा लेखासमितिमा निर्वापचित वा मनोनित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्रमा आफ्नो पद वाट राजिनामा दिनुपर्नेछ । भनेकोछ । यसमा हामिले जुन यता राखेका थियौ । त्यहि ठिकै हुन्छकी पलस यसमा पनि छलफल होस । भन्न चाहान्छु र अर्को वुदा रहेकोछ । दफा २६ को

उपदफा २ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारका निकायहरु स्थानि तहका साथै सस्थाको कार्य क्षेत्र भित्रका सहकारी विद्यालय समुदायीक विद्यालय गुठि स्थानिय कलव स्थानीय तहमा गठन भएका उपभोक्ता समुह हरु सस्थाको सदस्य हुनवाट वाधा पर्ने छैन भन्याछ । र संसोधन भएरअएको जुन २ मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिइको भएता पनि नेपाल सरकार प्रदेश सरकारका निकाय हरु स्थानीय तहका सथै सस्थाको कार्य क्षेत्र भित्रका सहकारी विद्यालय प्रविधिर शैक्षिक सस्था सामुदायीक विद्यालय गुठी विद्यालय क्यम्पस हरु स्थानीय कलव स्थानीय तहमा गठन भएका उपभोक्ता समुह हरु गैर नाफा मुलक सस्था हरु उत्पादन र सेवा मुलक संघ सस्थाहरु सहकारी सस्थाको सदस्य हुन वाधा पर्ने छैन । भनेर भनेको छ । यसमा पनि छलफल होस भन्न चाहान्छु । यो गैरसरकारी सस्थाको उसमा र जुन अन्य उसमा पुरै समितिले एकदमै दफावार छलफल जुन विज्ञहरुसंग पनि छलफल गरेको छ । उहाहरुको म समिति लाइ म धनयावाद दिन चाहान्छु र यो सहकारी सम्वन्धमा व्यवस्थागर्न वनेको विधेक २०७५ माथि सामाजिक विकास समितिमा दफावार छलफल भएको कार्य समाप्त भएपश्चात भएको यो प्रतिवेदन सहिको विधेक माथी यो सभामा छलफल होस भनि प्रस्ताव पेशगर्न चाहान्छु । हवसत धन्यावाद ।

**माननीय सदस्यहरू,**

अब म, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिनिता चौधरीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

***(“हुन्छ” भनेपछि)***

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

१३. “हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

१४. **माननीय सदस्यहरू,**

अब, **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा सामाजिक विकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।

मा० **श्यामलाल राना थारु** :– माननीय सभामुख महोदय यस प्रदेश सरकारवाट प्रदेश न.७ को सहकारी सम्वन्धमा वनेको विधेयक, २०७५ पेश भै सामाजिक विकास समितिले उक्त दफामा छलफल गरेर यो सदनमा पेश गरिएको छ । अत्यन्त मेहनतका साथमा एकदम सोच विचार गरेर ल्याइएको छ र यसमा केहि थप मैले सुझाप पेश गर्ने कुरा राखेको छु माननीय सभामुख महोदय यो सस्था गढनको प्रक्रियामा दफा ३ को उपदफा १, २ अनि ३ मा जे कुरा लेखिएको छ । त्यसलाइ तर दफा १२ वमोजिम सस्था दर्ता भैसके पछि एकैपरिवारका १ भन्दा वढि वेक्तिले सो सस्थाको सदस्यता लिन वाधा पर्ने छैन । एसले के देखाउछ भने २,४ परिवारको वढी जनसंख्या भएको परिवारले सदस्ता लिएर एकलौटि ढंगले सस्थामा आफ्नो वर्चस्व कायमगर्ने आफु अनुकुल संचालन गर्ने प्रक्रियाहरु देखिएका छन । विद्यमान परिस्थीतिमा हामिले हेर्‍यौ भने सहकारीको नाममा दुरुपयोग काला वजारी हरु भएका छन । त्यस कारणले यो तर भन्ने शव्द ले याहाँ विगारेको छ । यो केभन्छभने तर वट लेकिन काम विगार्‍यो ३ नेपालीको तर अंग्रेजी को वट हिन्दिको लेकिन यो कुरालाइ अलिकति सिमित गर्नुपर्छ । यो कुरालाइ किन भने हामीले हेर्दै आएका छौ । दुरदराजका जनताहरु जहाँ अशिक्षित छन । साक्षर कम छन । ति ठाउँहरुमा केहि सिमित व्यक्ति हरुको वोल वाला हुन्छ र उनिहरुले आफुअनुकुल सहकारी सस्था संचान गरेको अवस्था देखिएको छ । त्यसैगरि सदस्यता प्रप्त गर्दा खेरिमा केहि पर्तिवन्धीत व्यवस्था पनि गर्नुपर्नेहो । यसको सदस्यता खुल्ला गरिएको छ खुल्लाहुदा खेरिमा हरेकले सदस्ता पाउने सदस्यता लिइ सकेपछि उसले समितिको पदाधिकारि पनि वन्नपाउने पदाधिकारि भैसकेपछि संचालक पनि वन्न पाउने । तर पछि गएर संचालक भैसकेपछि के भनेकोछ भने अदालत वाटै नैनिकपतन हुने गरि फौजदारि मुद्दामा कसुरदार ठहर भएको खन्डमा यो पदमा वहाल हुने छैन । सवै कुरा भैसके पछि रेसम चौधरिको जस्तो आट हुन्छ । पहिले उमेदवारिनै खारिज गर्नुपर्थ्यो उमेदवार भैसकेपछि सफत नै नगराउनु पर्थ्यो । सपफत गराइ सकेपछी जेलमा हाल्नु नपर्ने थियो । त्यस्तो प्रक्रिया मतलव यात सुरुमै रोक लगाउनु पर्छ । हैनभने यस्ता जस्ता यो यसमा थप कुराहरु कुनैपनि सस्था हरु या नेपाल सरकारको या राजस्व वेरुजु त्यस्तो किसिमको निती रहेको व्यक्ती व्लेक लिस्टमा परेको व्यक्ती त्ययसलाइ पनि प्रतिवन्धित गर्नुपर्छ । तिनिहरुले यो सस्थामा आइसकेपछि धरै सस्थाहरु डुवाउने काम गरेको छ । त्यस्तैगरेर पुजिको संरक्षण को सवालमा यसलाइ केहिकुरा हरुमा उल्लेख त गरेको छ । हामिले एदा कदा सुन्ने गरेका छौ । ठुलो धनरासि लिएर संचालक हरु कुलेल्याम ठोकेको वेपत्ता भएको त्यस्ता कुराहरुले गर्दा खेरिमा सहकारी माथिको विस्वसनीयता थियो । जनतामा त्यो घट्ने गरेको छ । त्यसकारणले यसलाइ कमसेकम जनताले यो पुजि जुन पुजी जे मागेका छौ । त्यसलाइ यो सुरक्षित कसरि गर्ने सन्छि । त्यो वातावरण तिर पनि ध्यानदिएको अलिकति यसलाइ अलि कडा वनाउनु पर्छ । भन्ने मलाइ लाग्छ । अर्को कुरा यो अनुगमन र नियमनगर्ने कुरा हरु निर्देशन गर्ने अनुगमन गर्ने कुराहरु धरै उल्लेख छन । याहाँ तर सहकारीले सहिढंगवाट आफ्नो काम ऋतव्यलाइ संचालन नगर्‍यो भने त्यसलाइ दण्ड जरिवाना तोक्ने होकी यानि कुनै किसिमको नैसियत या त्यस्ता पदाधिकारि माथि रिस्टकेसनको कुरा हरु त्यसकारणले यसले गर्दाखेरि के छ भने खुल्ला वातावरण दिएको छ । धेरै सहकारि हरुले आफ्नो उद्देस्य अनुरुप नभएर आफ्नो इच्छा वमोजिम जे मन लाग्यो त्यो गरिराको अवस्था हामिले धेरै यो गाउहरुमा यस्ता सहकारी देखेका छौ । यहाँ सहकारीमा खोज्दाखेरि मल नपाइने त्यहिनेर चाहि एउटा व्यापारिले मल वेच्ने आफ्नो

फाइदा मुनफा लिएर व्यक्तिलाइ दिएका कुराहरु धेरै उदाहरण हरु छन । त्यसकारण ले यि सुझाव हरुलाइ पनि समावेस गरियोस भन्दै आफ्नो मन्तव्य यहि राख्न चाहान्छु धनयावाद ।

**मा० मालामती कुमारी राना –**माननीय सभामुख महोदय आज हामी ७ न. प्रदेशको सहकारी सम्वन्धमा वन्न गएको विधेक २०७५ वडो मिहेनतका साथ छलफल गरेर ल्याइयोको मा सामाजिक विकास समिति माननीय सदस्य ज्यु हरुलाइ धन्यवाद दिन चानहान्छु । वास्तम्मा धेरै कसरतका वावजुत ४ महिना १० दिनमा आज हामी छलफल मा लागेका छौ । ४ महिना १० दिनमा एउटा जव हामी विधेक हामी पास गरिराखेका छौ । हामी प्रदेश सानसद हरु हाम्रो प्रदेश सरकार कतिको चाहि ५ वर्षमा काम गर्ला हामी अट्कल गर्न सक्छौ । एकदमै हाम्रो प्रदेश सरकार मन्द गतिले सुस्त गतिले हिनिरहेको अवस्था छ ४ ,४ महिनामा हामी जव एउटा विधेयक पासगर्छौं भने हामी कसरि प्रदेशको समृद्ध प्रदेशलाइ विकास प्रदेशलाइ सान्ति ल्यउन सक्छौ प्रदेश सकारको ध्यान जाओस प्रदेश सरकार एकदमै मौनगतिले हिनिरहेको मैलेदेखि राखेकि छु । सहकारी आफैमा महत्व पुर्ण हो । किन भने सहकारी ले गाउँ गाउँमा रोजगारिको महत्व पुर्ण सृजना उपलव्ध पनि गर्दछ । सहकारीले समाजलाइ विकासको मुलधार तिर पनि डोर्याउछ तर यसमा मैले धेरै त्रुटिहरु मैले देखे त्यो हामिले. सच्याउनै पर्छ १ परिवारमा ४ जाना सदस्य र १००० जना सेयर सदस्यको वहुमत का आधारमा जुन पासहुने देखिएको छ । मलाइ लाग्दैन १००० सदस्यमा हामी चाहि वहुमतका आधारमा पास गर्न सक्छौ अलि त्यसमा पनि विचार गर्नु पर्छ । दोस्रो कुरा सहकारीको नाम मा विकृति कालो वजारी छ्यापछ्ज्ती वडेको देखिन्छ । म उदाहरण दिन चाहान्छु । सहकारीकै नाम मा धनगढीकै क्यम्पस चोक तिर ठ्याक्कै मैले नाम विर्सेको छु । त्याहाँ वचतका नाममा थुप्रै पैसा उठाएर उहाचाहि फरार हनु भएको छ । अहिले सम्म न उहामाथि मुद्दानै चलिरहेकोछ त्यो मुद्दा फाइनल भएको छैन त्यसकारण चाहि सहकारीको नाममा वचत संकलन गरेर भाग्ने भागेर जनतालाइ दुःख दिएको अवस्था पनि छ । सहकारि यस्तो सहकारि होस सहकारि व्यपारि करण नहोस जनता मुखि सहकारि होस र सहकारी सुविधा सम्पन्न सहकारी वनाउनका लागि सहकारिको कडा कानुनमा हामिले ध्नदिन जरुरी छ । सहकारी एकैघरका हामि ४ जना सदस्य राखेर सहकरि वनायौ भने त्यो सहकारि दिगो हरदैन त्यो आफ्नो घर व्यक्तिकेलागि मात्रै हुन्छ । त्यो सहकारी सामाजको लागि हुदैन त्यसकारण हामि सहकारीका नियम कानुन वनाउदा खेरि एकदमै हामिले ध्यानदिनु पर्छ सहकारी एउटा जनता र समाजका लागि वनाउनु पर्छ र सहकारीका नामका व्यपारिभएका हामिले देखेकाछौ । जो वजारमा मुल्य हुन्छ । वजार मुल्य त्यसभन्दा पनि वडिमा मुल्यहरुमा सहकारिले वितरण गरेकोपनि हामिले देखेका छौ । अन्तमा म जो  डकटर गोविन्द केशी को वारेमा पनि भन्न चाहान्छु गोविन्द केशीको जिवन रक्षाको लागि प्रदेश सरकारले पनि ध्यान दियोस प्रदेश सरकारले पनि सहयोग गरोस अनि निर्मला पन्त जुन उहाको धरैदिन भैसक्यो प्रदेश सरकारले कानुन दिन न्याए दिन सकिराख्नु भएको छैन । त्यतातिर पनि सरकारको ध्न जावोस डि एन ए मा उहाको विभेद देखिएको छ त्यसमा प्रदेस सरकारले एकदमै महत्वपुर्ण भुमिका खेलोस र आफ्नो प्रदेश सरकारको नाउ उज्जल वनावोस धन्यवाद नमसकार ।

**मा० रतन थापा –**माननीय सभामुख महोदय सहकारी विधेयक जुन आएकोछ जुन २–३ महिना त्यो भन्दापनि वढि समय लगाएर अध्नभएर विज्ञ हरु संग वसेर होला हमिहरु सवैले सल्लाह लिएर जेहोस यो चाहि राम्रौछ । अव अलिकति यसमा थप्नुपर्ने कुरा मैले केदेख्या छु । भने केवुलकार हरु भयो पर्यटनमा होटल व्यवसाय किनभने सहकारीले होटल व्यवसाय चलाएको मैले देखेको छु । केवुलेकार पनि हामी चलाइन सक्छौ । त्यो पनि यसमा थप र जुन समितिले यसमा व्यापक छलफल भएर अभ्क यसमा सुधार गरेर ल्याएको छ र यसलाइ चाहि त्यसैनै पासगर्दा राम्रैहोला जस्तो लाग्छ । किनभने यसमा खासै त्रुटिहरु त्यस्तो देखिएको छैन । तर मैले के देखेकोछु भने सहकारी हरुले जुन चै उद्देश्य मा लेखेको छ । त्यस अनुसार सहकारी हरु चनेका छैन्न । समस्या याहँ छ वैंकले जे काम गर्थ्यो । त्यो नै सहकारी हरुले गरिराखेका छन । वैंकले पनि पैशा लिने डिपोजिट गर्ने काम गरेको छ । ऋणदिने काम गर्‍याछ । त्यसतो खालको कृषि सहकारी भनेर राखेकोछ । कृषिमा काम गरिराखेको छ । उनिहरुवाट पैशा वढी लिने अथवा पैषाकै लेनदेन त्यो तेस खालको देखिएको छ । त्यसकारण यसलाइ उद्देश्य अनुसार सहकारी लाइ ढालनुपर्ने देखिएको छ । र सहकारीको वरेमा यतिनै भन्दा ठिकै होला र अर्को आफ्नो क्षेत्रमा अहिले आगलागि लागेर भक्तराज भाटको घर जलेर ध्वसत भउको छ । मैले भेटेर आएको थिए । जलेको छ र राहतको कुराहरु राहत भनेको केहो ? भने अन–दि स्पोट राहत रिलिफ अन दि स्पोट स्पोट मा राहात दिनुपर्‍यो । त्याहा म गए । वस्ने ठाउ थिएन । त्यसको वस्नेको व्यवस्ता गर्नेकुरा जनताले चाहि रासन उठाएर खानुपर्छ । उठाउनु पर्छ । भन्ने कुरा हामिले गर्‍यौ तर सरकारको तरर्फवाट अव धेरैठाँउमा यस्ता क्षेतिहरु भएका छन । राहात त गएको होला । तर खासै थाहा नपाएको हुनाले अव देखिएको छैन र हामिले राहतकालगि वजेटपपनि छुट्याएका थियौ । तुरुन्तै दिनुपर्छ । भन्नेखालको कुरा थियो । त्यसमा कमसेकम टिनहरु सम्म अर्को लमकी चौराहमा पनि सरस्वती पाण्डेको घर जलेको छ । भन्ने सुनेका सुनेको थिए । मैले हेर्न पाएको छैन । त्यस्तै खालको पहाडमा उता वभ्काङमा विपत्तीछ । हामी जनताका प्रतिनिधी हरु याहाँ वसिरहेका छौ । जनताहरुले कस्तो दु:ख पाइरहेका छन । मलम त चोटलागेको वेलामा मलम लगाउनु पर्‍यो दु.ख परेको वेलामा मलम लगाउनु भएको छकि छैन ? त्यसमा हामिले हेर्नुपर्ने छ । र अव सरकारको कुरामा अस्ती हाम्रो मन्त्री ज्युले याहाँ कुरा राख्नु भएको थियो । पैशा वाड्दाखेरी विधि वनाउनु पर्छ । त्योत सवैलाइ थाहाछ । यो विधी वनाएर रोकेको कस्ले छ । यो विधी वनायदा खेरिनै यति अप्ठेरो हुनेहो भने यस्लाइ चाहिने कार्यानयन कसरि हुनेहो ? कार्यानयन गर्नेत त्याहाँ मन्त्री ज्यु हरुलेहुन त्याहाँ लेवर हरु राख्नु पर्छ । त्याहा मिस्तीरि हरु चाहिन्छन । त्यहाँ सिमेन्तट सरियाहरु ल्याउनु पर्छ । अनित्यो विल्डिङ वनाउदा खेरि कहिले वन्छ । आजकल हाम्रो मार्केटमा मेनपावर नै छैन । सप्पै भारत तिर छन । त्यसकारण भोलि हाम्रो आउट पुट रिजल्ट के आउनेत ? हिजो पनि वजेट सरकारले त्यो संघिय सरकार केन्द्रीय सरकार वाट वजेट खर्चहुन सकेन । अहिले स्थानिय मा नगरपालिकाले खर्च गरिरहेको छ । धेरै अगाडि वडि सक्यो । हाम्रो पैसा खर्च भएको छैन । त्यसकारणले यो चाहि यो यसलाइ मेरो सजेसनहो । कुनै यसमा मेरो विरोध हैन विरोध सोच्नु भएन । हामिले आफ्नो हाम्रो मन्त्री ज्यु हरुलाइ एकटिव वनाउनु पर्‍यो । वि एक्टिव अलवेस्ट हाम्रोअलिकति भएको छैन र अलिकति अर्कोकुरा के भन्न चाहान्छु भने वनमन्त्रालय वाट अहिले सम्म एउता विधेक आएको छैन । वनमन्त्रालय भनेको एउटा यस्तो मन्त्रालयहो जहाँ प्राक्रितिक साधन युज गर्नुपर्ने छ । त्यहाँ चाहि उद्योग छ ।

उद्योगको कुराहरु उद्योग जवसम्म देशमा उद्ययोग हुदैन तवसम्म अगाडि वड्ने कुराहरु छैन । यो आएको त्यहाँ हामिले देखेका छैनौ । तर एउटा होटलमा चाहि विधेक आयो हाम्रो अर्थको सभापती हाम्रो प्रमुख अथिति हुनुभो । हामिपनि त्यस्मा भातसात खाएर त्यहा वसियो एकछिन अनि याहाँ नआएको विधेक त्याहाँ आएको छ । त्यस्तो खालको चै नहोस एक ठाउमा भैहाल्यो । यो सामान्यको रुपमा लिएको छु । तर याहाँआइसके पछि छलफलको लागि हामिले हरेक विज्ञ हरुलाइ हामिले दिन सक्छौ । सदनमानै नआएर अरुले थाहा पाउने कुरायो ठिक भएन । भन्नेकुरा राख्दै मेरो भनाइ यहिराख्न चाहान्छु धन्यावाद ।

**मा० बलदेव रेग्मी–** माननीय सभामुख महोदय सुदुर पश्चिम प्रदेशको सहकारी सम्वन्धमा व्यवस्ता गर्न वनेको विधेय २०७५को सम्वन्धमा म आफनो धारणा राख्नुभन्दा यो तस्रो अधिवेसनको सफलताको सुभकामना व्यक्त गर्न चाहान्छु हाम्रो निति तथा कार्य क्रममा यसलाइ हामिले एकमतले पासगरेका छौ । यो वर्ष कानुन निर्माण ववर्षको रुपमा पासरेका छौ । कानुन वर्षको रुपमासफल हुनेछ भन्ने आसार भरौसा मैले लिएको छु । सोभाविक रुपमा सरकारको तर्फवाट सदनवाट समितिमा गैसकेपछि ४१ सौं २०७५ असोज १ गते को ४१ औं वैठकले यो जिम्मा सामाजिक विकास समितिलाइ दिएको थियो र त्यहि अनुसार २०७५ असोज ४ गते देखि पअिलो मेटिङ १३औं मेटिङले लग्भग उहाहरुले ९ पटक सम्म वैठक राखेर ११५ घन्टा धेरै छलफल पछि विज्ञ हरु सहभागि गराएर यो विधेक ल्यउनकालागि निकै मिहेनत गर्नु भएको छ । यसमा उहाहरुले विज्ञहरु आमन्त्रण गर्नुभएको छ र उहाले अन्यपनि विज्ञहरुलाइ राखेर यो दिधेयकलाइ पुर्णता दिनकालागि निकै मिहेनत गर्नुभएको छ । यो यसले हामिले याहाँ तपाइहरुको माभ्र हामिले सहयोग पायौ पनि धेरै छलफल भएकोछ । उहाहरुको पविचमा धरै उहाहरुले सुधार गर्नुभएको छ । यसवारेमा म फेरि उहालाइ धन्यावाद दिन चाहान्छु प्रस्तावनामा उहाहरुले केहि महत्व पुर्ण सुधार गर्नुभएको छ । त्यस्तै प्रदेश सहकारि वैंको गठन सम्वन्धमा पनि उहाँले त्यो प्रस्ताव थप छलफल गर्नुभएको छ । त्यस्तै यो समुन्नय प्रदेशर र स्थानिय तहविच समुनय गर्नकालागि जिल्लासंघको पनि केहि भुमिका कायम गर्नु भएको छ । त्यस्तै दफा १५ को उपदफा २ मा दर्ता हुदाका वखत सहकारि सस्थाको कार्य क्षेत्र त्यो पनि देहाय वमोजिम केहि उहाले कार्य क्षेत्रपनि तोक्नु भएको छ । प्रदेस सहकारि संघले सदस्यको हित पर्वन्धकालागि केहि नितिगत कुराहरु याहँ थप्नुभएको छ । त्यस्तै उहाहरुले यो २००० जनाको जुन सदस्य रहेको सहकारि सस्था छ । त्यसका वारेमा उहाले साधारण सभालाइ व्यवस्थि तगर्नेखालको सुभ्रव दिनुभएको छ । त्यस्तै प्रदेश सहकारी प्रवर्धन कोषको व्यवस्था पनि थप गर्नुभएको छ ।यस्तै उहाले थपनु भएको छ निकै छलफल निकै धेरैपटक मिटिङवसेर यो सदन मा उहाले राम्रो ढंगले एकखालको निति सवै समेटेर प्रस्ताव यो पेस गर्नुभएको छ । त्यसमा मेरो पुर्ण समर्थन रहेको व्यहोरा जानकारि गराउन चाहान्छु र उहाले नितिगत र ऐन कानुन मा पनि सहकारी निजि क्षेत्र र सरकारि क्षेत्र हरुको पनि एउटा ३ खम्वे नितिलाइ पनि समेट्ने कोशिषगर्नु भएको जस्तोलायको छ म

यतिभन्दै मेरोभनाइ यहि राख्न चाहान्छु हवस्त धन्यावाद

१५. **माननीय सदस्यहरू,**

**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

१६. **माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुत कर्ता भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिनिता चौधरीलाई **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय बिनिता चौधरीलाई–** माननीय सभामुख महोदय जुन सहकारी सम्वन्धमा वनेको विधेक माथि छलफलमा उठेका विषय हरु धरै छलफल पछिनै एउटा गहन रुपमा आउको छ । जुन उउटै घरका सदस्य हरु सहकारी उसमा वन्न नपाउने जुन भनिएको छ । यसमा अव त्यहि विधेकमा नै खुलाएको छ । स्पस्ट यदि छुट्टिएर अलग वसेको छ । भने उसले लिन पाउछ । भनिएको छ । किनभने सधैं एउटैमात हुदैन । त्योउसमा चाहि स्पस्ट खुलाएको छ । यसमा म त्यहिनै भन्न चाहान्छु र यो सहकारी प्रभावकारि भएन भनेर भन्ने जुनछ । यसमा हामी सवैलाइ अवगत भएको हो । त्यो अनुसार छिटो भन्दा छिटो हामिले सहकारी विधेक हरु ल्याउनुपर्छ र सहकारी लाइ व्यवस्थित तरिकाले अगाडि वढाउनुपर्छ । भन्ने उसमानै हामियो सहकारी विधेक ल्यउन लागेका हौ र थुप्रै जुनहामिले सहकारी हरु सवैलाइ त्यता जम्मा गरेर त्यो सभावाट पासगर्न उपयुक्त छकि छैन ? त्यो जम्मा गर्न पनि लाग्थ्या धेरै त्यसमा जुन १००० अव कति त्यसमा भनिएको छ । प्रतिनिधी मुलक सवैतिरवाट आयोभने त्यसमा एउटा उपयुक्त हुन्छ । त्यो अनुसारनै जस्तै मानो ठुलो सहकारीको हकमा सानोपनि छ । भने पास नदिएरत हुदैन । यो विसयमा पनि स्पस्ट केत विधेकमा खुलाएको छ र सहकारी को अव विकृति थुप्रैछ । भन्नेआयो । यसमा एहि भन्नको लागिनै जस्तै सहकारी हरु ३ तहमा विभाजन भएको छ । त्यो अनुसार संघिय उसमा प्रदेश उसमा स्थानीय उसमा र ३ वटै सरकारलाइ छुट्टा छुट्टै यो विधेक यो ऐन वनाउने अधिकार दिएको छ । त्यो अनुसारनै स्थानिय सरकार पनि वनाउदैछ । हाम्रो यो प्रदेशमा पनि आउदैछ । छिटो भन्दा छिटो जुन सहकारीमा देखिएका विकृतिहरु अन्त्य होस र सहकारीको माध्यमवाटनै सम्वृद्धी प्रदेश सम्वृद्धी देश वनोस भन्ने उसमानै हामिले जुन विक्रिति हटाउनका लागि नै यो ऐन हरु हामी छिटो ल्यउदै छौ र जुन सहकारी हरु थुप्रै केत उद्योगहरु चलाउन सक्छ । तर अव केत केहि जुन चलाउन अन्यपनि चलाउन सक्छ । भन्नु जस्तै छ । यसमा विधेकमा उल्लेख गरेकैछ । सहकारी ले स्कुलपनि चलाउनन सक्छ । त्यसमा स्वास्थ्य पनि चलाउन सक्छ र केवुलकार त्यसैमा आइहाल्यो । उद्योग लगाएत थुप्रै सहकारी मार्फत गर्न सकिन्छ । त्यसमा थुप्रै केत विधेकमा खुलाएको छ । स्पस्टनै पारिएको छ । यसमा केत सहकारी मार्फत गर्न सकिनेछ । यसमा थुप्रै केत विधेयकमा खुलाएको छ । स्पस्ट पारिएको छ । त्यसमा केत म यसमानै जनकारि गराउन चाहान्छु र जुन.उद्देश्य अनुसारनै सहकारी हरु चल्न सकिएन भन्नेछ । यो त्यहि अनुसारनै हामिले कम्तीमा विषयगत समिति आफ्नो उसमा केत उद्देस्य अनुसारनै अगाडि वढ्नुपर्छ र त्यहिअनुसारनै जस्तै मानौ अहिले

एरियाहरु छुट्याएको छ । कुन सहकारी काहाँसम्म गर्नपाउने र कुन विषयगत समितिनै के उसमा कामगर्ने भन्ने स्पस्ट नै केत यो विधेकमानै छुट्याएको छ । विधेकमा स्पस्ट पारिएको छ । किनभने हामिले सवै केत सहकारी हरु हामिले योभन्दा पहिले देख्यौ जस्तै विषयगत काहाँछ । आफु केगर्देछौ । भन्ने उसमा केत सहकारीनै किन नहुने सहकारीमा आफैमा अन्योल त्यहिभएर कम्तिमा उद्देश्य अनुसारनै सहकारी अगाडि वढ्नु पर्छ र त्यहि अनुसारनै सहकारिलाइ व्यवस्थित तरिकाले अगाडि वढाउनु पर्छ भन्ने उसमानै त्यहि मुल मर्मका साथनै यो सहकारी विधेक हरु जुन आइराखेको छ । यो सहकी विधेयकमा पुरैसवै स्पस्ट पारिएको छ । त्यहिभएर जुन अहिले उठानभएको विषय वस्तुमा मलाइ लाग्छ यहिनै शव्द आएको छ । त्यहि भन्दै विदाहुन्छु । हवसत धन्यावाद ।

१७. **माननीय सदस्यहरू,**

अब,म <u>**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**</u> माथि दफावार छलफलको कार्य समाप्त भई <u>सामाजिक</u> <u>बिकास</u> <u>समिति</u>बाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ३२ (बत्तिस) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

१८. “हुन्न” भन्ने आवाज सुनिएन तसर्थ <u>**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**</u> माथि दफावार छलफलको कार्य समाप्त भई <u>सामाजिक</u> <u>बिकास</u> <u>समिति</u>बाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ३२ (बत्तिस) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

१९. **माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि १०३ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू तथा अनुसूची १ (एक) र अनुसूची २ (दुई) <u>**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**</u> को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

२०. “हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि १०३ सम्मका दफाहरू तथा

आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू तथा अनुसूची १ (एक) र अनुसूची २ (दुई) सर्वसम्मतीले **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** को अंङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

२१. **माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावनाः** सहकारी सिद्धान्त, मूल्य र मान्यता अनुरुप प्रदेश स्तरमा सहकारी संघ, संस्थाहरुको दर्ता, सञ्चालन तथा नियमन सम्बन्धी व्यवस्था गर्न तथा आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख प्रादेशिक अर्थतन्त्रको विकास गर्न सुदूरपश्चिम प्रदेश सभाले नेपालको संविधानको धारा १९७ बमोजिम यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेश को सहकारी ऐन, २०७५"** रहेको छ ।

**(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

२२. **माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

२३. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** को अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

२४. **माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुत कर्ता भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिनिता चौधरीलाई **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय बिनिता चौधरी–** माननिय सभामुख महोदय **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** सभावतनै निर्णायक पास गरियोस भन्ने प्रस्ताव पेश गर्न चाहान्छु हवस्त धन्यावाद

*(प्रस्ताव प्रस्तुत भएपछि)*

२५. **माननीय सदस्यहरू,**

अब, म भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिनिता चौधरीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

२६. “हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

२७. **माननीय सदस्यहरू,**

**सुदूरपश्चिम प्रदेशको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

२८. **माननीय सदस्यहरू,**

अर्थ विकास समितिमा रही कामकाज गर्ने गरी माननीय दिर्घ बहादुर सोडारीलाई मनोनयन गरेकाले सभा समक्ष जानकारी गराउछु ।

२९. **माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ ।

अर्को बैठक मिति २०७५ साल माघ महिनाको १८ गते शुक्रबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।